प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

☎०५७-५२१८०७

मितिः २०७८/०४/०४

प.सं.: २०७८।०७९

च.नं.: ०९

विषयः आर्थिक वर्ष २०७८/०७९ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन सम्बन्धमा ।

श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय),
रसुवा, दोलखा, चितवन, त्रिपुरेश्वर काठमाण्डौ, ललितपुर, भक्तपुर, नुवाकोट, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, धादिङ, काभ्रेपलान्चोक ।

उपरोक्त सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको प.सं.०२/०७८/८९ च.नं.०१ मिति २०७८।०४।०१ को पत्रमा आर्थिक वर्ष २०७८/०७९ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन संलग्न छ । सो अनुसार कार्यान्वयनको लागि त्यस जिल्ला भित्रका प्रदेश तहका कार्यालयहरु र स्थानीय तहहरुलाई जानकारी गराई दिनु हुन अनुरोध छ ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

बोधार्थः
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा), अनामनगर, काठमाण्डौ

गोप्य

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या:- ०२/०७८/०७९
चलानी नं.:- 09

प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं.-३, मकवानपुर
दर्ता नं. 22
8/9

मिति: २०७८।०४।०१

विषय: आर्थिक वर्ष २०७८/०७९ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन।।

श्री प्रदेश लेखा नियन्त्रक,

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक व्यय अनुमान र सोमा थपघट हुने रकम समेत सहकारीज्यू सम्बद्ध मन्त्रालय/कार्यालय/सचिवालय/आयोग/निकायलाई छुटयाइएको रकमको प्रचलित कानून अनुसार निकासा लिई खर्च गर्न, गराउन र त्यस्तो खर्चको लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने जिम्मेवारी सहित प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३३ को उपनियम (१) बमोजिम तपाईलाई २०७८ श्रावण १ गतेदेखि लागू हुने गरी यो अख्तियारी सुम्पेको छु। विनियोजन ऐन, २०७८ कार्यान्वयनको सन्दर्भमा, महालेखा परीक्षकको पछिल्ला प्रतिवेदनहरूमा उल्लिखित कैफियत विवरण र बेरूजूलाई समेत मध्यनजर गरी आर्थिक तथा वित्तीय अनुशासन पालनामा सबै निकायहरू गम्भीर हुनुपर्ने देखिन्छ । कोरोना महामारीका सिर्जित विषम परिस्थितिका कारण समग्र प्रदेशको आर्थिक अवस्थामा परेको असरलाई मध्यनजर गर्दै बजेटको कार्यान्वयन गर्दा मितव्ययिता, प्रभावकारीता तथा दक्षता कायम गर्नु हुनेछ ।
आर्थिक वर्ष २०७८/०७९ को बजेट कार्यान्वयन र अनुगमनलाई नतिजामूलक तथा प्रभावकारी वनाउनका लागि निम्न विषयहरुलाई ध्यान दिनु हुन र मातहतका सबै कार्यालय/निकायलाई समेत सोही बमोजिम निर्देशन हुन अनुरोध गर्दछु । विनियोजन ऐन, २०७८ को दफा १० बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु ।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति, बाँडफाँट र निकासा**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा P-LMBIS (Provincial Line Ministry Budget Information System) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा ईकाई कार्यालयहरू मार्फत बजेट कार्यान्वयन गर्ने सम्बन्धित इकाईलाई बजेट निकासा हुनेछ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ । तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिका अधिकारीले स्वयम् चौमासिक विभाजन संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र

फोन : ०५७-५२७५२०, E-mail:moeap@bagamati.gov.np, URL: moeap.bagamati.gov.np

सचिव

संशोधन गर्नुपर्नेछ ।यस बमोजिम भएको संशोधनको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

३. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा रकम विनियोजन भएको निकायको प्रमुखले खर्च गर्ने निकायहरूलाई २०७८ श्रावण मसान्त भित्र विनियोजन भएको सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुहुनेछ ।

४. यस मन्त्रालयबाट अख्तियारी तथा बजेट कार्यान्वयन मार्गदर्शन जारी भएपश्चात, आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ बमोजिम २०७८ श्रावण ७ गते भित्र तहाँ मन्त्रालय/ सचिवालय/ आयोग/कार्यालयबाट सम्बन्धित कार्यालयमा अख्तियारी तथा बजेट कार्यान्वयन मार्गदर्शन पठाई सक्नुपर्नेछ।

५. प्रशासनिक खर्च बाहेक P-LMBIS (Provincial Line Ministry Budget Information System) मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रूपमा विनियोजित बजेटको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी २०७८ श्रावण मसान्तभित्र P-LMBIS मा प्रविष्टि गरी यस मन्त्रालयको स्वीकृतिका लागि पेश गर्नुहुनेछ ।

६. विनियोजन ऐन, २०७८ बमोजिम तहाँ मन्त्रालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयको स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/कार्यालय/सचिवालय/आयोग अन्तर्गतका कार्यालयहरूबाट कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/सचिवालय/आयोगका सचिवलाई अख्तियारी दिई कार्यान्वयन गराउनुपर्नेछ ।

७. खर्च शीर्षक नं. २८९११(भैपरी आउने- चालु) र ३१५११(भैपरी आउने-पूँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। फागुन मसान्तसम्म काम शुरू नभएका कार्यक्रमहरुको विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको बजेट चैत्र १५ गतेभित्र अनिवार्य रूपमा अभ्यर्पण गर्नुपर्नेछ।

८. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका कुनै पनि खरिद प्रकृयाबाट सिर्जित हुने दायित्वका लागि यस मन्त्रालयबाट बजेट निकासा गरिने छैन।

सचिव

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

मितिः

९. मन्त्रालय/निकायमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगर्ने तर नयाँ कार्यक्रमका लागि थप निकासा माग्ने कार्य गर्नु हुने छैन। चालु वर्षको बीचमा आएर कुनै पनि नयाँ कार्यक्रम थप र उद्देश्य फरक भएका योजना तथा कार्यक्रम संशोधन गर्न पाइने छैन।

१०. प्राकृतिक प्रकोप, विपत्ति तथा संकट र विशेष अवस्थामा बाहेक दोश्रो चौमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमा भित्र रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(ख) योजना/हस्तान्तरण र कार्यान्वयन

११. विनियोजन ऐन, २०७८ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम संघीय सरकारको इकाई तथा स्थानीय तहमार्फत कार्यान्वयन गराउनुपर्ने भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय गराई संघीय सरकारको इकाई वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।संघीय सरकारको इकाई मार्फत पूँजीगत योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपरेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति समेत लिई प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय गराई नेपाल सरकारको विनियोजन ऐन, २०७८ को व्यवस्था अनुरूप समेत हुनेगरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।

१२. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा तहाँ मन्त्रालय अन्तर्गतका हस्तान्तरित सशर्त अनुदानबाट सञ्चालन हुने योजना वा कार्यक्रम कार्यान्वयनको लागि कठिनाई पर्न गएमा सो निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ ।स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ ।

१३. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड लगायतका कार्यविधि भए सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ ।

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१४. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरूको समयसीमा, प्रतिफल सूचक र जिम्मेवारी सहितको कार्ययोजना आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको ढाँचामा स्वीकृत गरी तोकिएको समय सिमाभित्र यस मन्त्रालयमा पेश गरी सोहि अनुरूप कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

फोन : ०५७-५२७५२०, E-mail:moeap@bagamati.gov.np, URL: moeap.bagamati.gov.np

सचिव

१५. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि/मापदण्ड आवश्यक पर्ने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई बनाउन सकिनेछ ।

१६. नेपाल सरकारबाट सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी, कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण २०७७ श्रावण २० गतेभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरेर कार्यान्वयन गर्नुहुनेछ।

१७. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने योजना वा कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय तथा सम्बन्धित संघीय मन्त्रालय तथा अर्थ मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा संघीय सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिएर मात्र यस मन्त्रालयमा पेश गर्नुहुनेछ ।

१८. प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरी P-LMBIS मा प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ । चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा आयोजनाहरूको नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट जारी बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६ को समेत पालना गरी बजेट व्यवस्थाका लागि यस मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ ।

१९. चालु खर्चतर्फ मितव्ययिता र पूँजीगत खर्चतर्फ नतिजामूलक परिणाम प्राप्त हुने गरी कार्यान्वयन गर्नु हुनेछ। विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु हुने छैन । विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाकव कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ ।

२०. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य श्रावण मसान्त भित्र र नियमावलीहरू तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गर्नुहुनेछ । कार्यक्रम/आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट



सचिव

जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दीहरू साउन मसान्तभित्र अनिवार्य स्वीकृत गराई सक्नुपर्नेछ ।

२१. निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कार्यको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ। सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु बनाउने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनु हुनेछ।

२२. आ.ब. २०७८/०७९ को बजेटमा उल्लिखित योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सचिवसँग महाशाखा प्रमुख र आयोजना प्रमुखको अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरी पूर्ण रुपमा जिम्मेबार बनाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। आयोजनामा खटिने कर्मचारीहरूलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरूमै अभिमुखिकरण तालीम प्रदान गर्नु हुनेछ ।कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, ईमान्दारीता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ ।

२३. प्रदेश सरकारको आर्थिक कार्यप्रणालीका क्षेत्रमा प्रारम्भदेखि नै बजेट विनियोजनमा दक्षता हासिल गर्ने तर्फ यस मन्त्रालयको कार्य लक्ष्य रहेको विषयलाई समेत ध्यान दिई कार्यान्वयनको परम्परागत पद्धतिमा गुणात्मक सुधार गर्नु हुनेछ।

२४. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म स्वदेशी मालसामान तथा वस्तु उपयोग तथा खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२५. स्वीकृत बजेटको सीमा र स्वीकृत दरवन्दी भित्र रहेर मात्र आवश्यक सेवा करारमा लिन सकिनेछ। नयाँ सेवा करारमा लिंदा सम्भव भएसम्म व्यक्ति नभई फर्म, कम्पनीवाट सेवा करारमा लिनु पर्नेछ। सेवा करारमा कार्यरत व्यक्तिको तलब पारिश्रमिक खर्च शीर्षकवाट खर्च लेख्न पाइने छैन। खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु पर्नेछ। सेवा करारबाट कुनै पनि थप दायित्व सिर्जना गर्न पाईने छैन। कार्यक्रम खर्च शीर्षकवाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन ।

२६. विभिन्न कोषहरुको लागि रकम विनियोजन भएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. आयोजना तर्जुमा तथा कार्यान्वयनका सन्दर्भमा कार्ययोजना अनुसार वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्त भित्र स्वीकृत गरी ढिलोमा पनि



सचिव

भाद्र १५ गते भित्र बोलपत्र आह्वान समेत गरी सक्नु हुनेछ । कार्तिक १५ गते भित्र बोलपत्र मूल्याङ्कन, ठेक्का सम्झौता गरी कार्य शुरु गर्ने कार्यदेश दिने व्यवस्था मिलाउनु हुनेछ। यसरी ठेक्का सम्झौता गर्दा ठेकेदारको वर्तमान कार्य अवस्था, विगतको निजको कार्य उपलब्धिको प्रभावकारिता, सम्पन्न गरेका कामहरुको गुणस्तर लगायतका पक्षहरुलाई हेरी निजको कार्य चाप र काम तोकिएको समयमा सम्पन्न गर्ने आधार स्पष्ट तय गरी प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको पालना हुने गरी कार्य सम्पन्न गर्नु हुनेछ।

२८. आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्दा आयोजनाको लक्ष्य र उपलब्धिलाई सूचकका आधारमा मापन गर्नुहुनेछ।

२९. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर हेरी सोका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोश्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको निर्धारित भौतिक प्रगतिको न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ ।

३०. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र अनिवार्य सम्पन्न गर्नु हुनेछ ।

३१. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याई कार्यान्वयन गर्नु/गराउनु हुनेछ । बहुवर्षिय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नु हुनेछ । नयाँ आयोजनाहरुको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच बर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्न, पूर्ण जिम्मेवार हुने व्यवस्था मिलाउने तर्फ ध्यान दिनु हुनेछ।

३२. सडक ठेक्कामा दिंदा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको एकिकृत काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गराउनु हुनेछ ।

३३. यस प्रदेशको सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार मात्र सवारी साधन खरिद सम्बन्धी कार्य गर्नु हुनेछ।

३४. बजेट खर्च लेखाङ्कन र प्रतिवेदनका सम्बन्धमा प्रचलित कानूनहरुको पालना गरी बजेट कार्यान्वयन गर्नु हुनेछ।

३५. मन्त्रालयहरुबाट उपलब्ध गराईने विभिन्न अनुदानहरु प्रदेश सरकारबाट जारी गरिएको प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ अनुरूप प्रदान गर्नुपर्नेछ ।

सचिव

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या:-
चलानी नं.:-

मिति:

३६. संघीय समपूरक र विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरु समयमै कार्यान्वयन गर्न त्यसको प्रकृया सुरु गरी तोकिएको अवधिमा सम्पन्न हुने व्यवस्था मिलाउनुहुनेछ ।

३७. आर्थिक सहायता लगायतका खर्च शीर्षकमा रकम विनियोजन भएको भए प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार गर्नु हुनेछ।

३८. आ.व. २०७७/०७८ मा विनियोजन भएका क्रमागत योजनाको रुपमा पहिचान भएका योजनाहरु आ.व. २०७८/०७९ को तोकिएको समयमा नै सम्पन्न गर्नेगरी प्रकृया अगाडि बढाउनु हुनेछ।

३९. P-LMBIS का कुनै कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यान्वयन गर्नु गराउनु हुनेछ। अर्को कार्यक्रम स्वत: फ्रिज भएको मान्नु पर्नेछ।नयाँ योजनामा परिवर्तन गर्न पाईने छैन।

४०. P-LMBIS मा तहाँ मन्त्रालय/निकाय अन्तर्गत जिल्लास्थित एक कार्यालयका योजनाहरु अर्को कार्यालयमा प्रविष्टि भएको भए समयमै जुन कार्यालयबाट कार्यान्वयन गराउनु पर्ने हो सो सम्वन्धी व्यवस्थाका लागि मन्त्रालय/निकायगत निर्णय सहित पेश गर्नु हुनेछ।

४१. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक विनियोजनको सीमाभन्दा बढी थप निकासा दिईने छैन।विनियोजित बजेटको सीमाभित्रै रहि कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

४२. पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

४३. शुरु अख्तियारी दिइएको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा बजेट रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा बजेट रोक्काको सुनिश्चितता गरेर मात्र रकमान्तर माग गर्नु गराउनु हुनेछ। दोस्रो चौमासिक सुरु नभई रकमान्तर सम्वन्धी कार्य गरिने छैन।

४४. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक, घर भाडा, पानी, विजुली र सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु गराउनु हुनेछ । अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट श्रृजित दायित्वका लागि रकमान्तर र थप निकासा गर्न यस मन्त्रालय बाध्य हुने छैन ।

सचिव

४५. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलवाट हटाउनु पर्ने रूख बिरूवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जाका लागि स्रोतको व्यवस्थापन नभई र प्रचलित कानून बमोजिम गर्नुपर्ने बातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई शुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप निकासा, रकमान्तर र स्रोतान्तर गरिने छैन ।

४६. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकहरूमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। यी खर्च शीर्षकहरुबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिबेदन पारित गराएर मात्र तलब, भत्ता बापत रकम भुक्तानी गर्नु पर्नेछ ।

४७. तलब भत्ता लागायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ । सबै सार्वजनिक भुक्तानी सम्बन्धी कारोबार बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४८. सार्वजनिक निर्माण, बस्तु तथा मालसामान खरिद, परामर्श सेवा खरिद वा अन्य सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ लगायत अन्य प्रचलित कानून अबलम्बन गर्नु हुनेछ।

४९. प्रचलित कानूनी व्यवस्था अनुसार प्रतिवेदन प्रणालीलाई सामयिक र व्यवस्थित गर्नु हुनेछ। कार्यक्रम खर्चको उपलब्धि सहितको प्रकाशित प्रतिवेदन यस मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु हुनेछ।

५०. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नु पर्नेछ ।

५१. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ । सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा मात्र मितव्ययी हुने प्रकारले कार्यक्रम अन्य स्थानमा आयोजना गर्नु पर्नेछ ।

५२. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका बस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ । नयाँ/थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु पर्नेछ। नयाँ स्थापना हुने कार्यालय तथा साबिकको कार्यालयमा दरबन्दी थप भएको अवस्थामा बाहेक

साविकको कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्बन गर्नु हुनेछ ।

५३. सरकारी कार्यालयहरूलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकतामा राखी व्यवस्था मिलाउनु पर्नेछ । सरकारी भवन व्यवस्था हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ।

५४. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरिएको सरकारी मूल्याङ्कन समेतलाई आधार लिनु पर्नेछ ।

५५. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गराउने र बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरूत्साहित गर्नु हुनेछ।

५६. सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन पाइने छैन । बैठक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसार अग्रिम आयकर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५७. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको अनिवार्य रूपमा पूर्व सहमति लिएर मात्र प्रक्रिया अगाडी बढाउनुपर्नेछ ।यसरी सहमति नलिई गरिएका कार्यबाट सिर्जित हुने आर्थिक दायित्वको व्यवस्थापनका लागि यस मन्त्रालय बाध्य हुनेछैन ।

५८. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५९. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमार्फत सञ्चालन हुने कार्यक्रमहरूको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रूपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन चौमासिक रूपमा यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुहुनेछ ।

सचिव

६०. मन्त्रालय/सचिवालय/आयोगले आफ्नो र मातहतका कार्यालयहरूको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्नेछ । दोश्रो चौमासिक आय र व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नुहुनेछ ।

(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

६१. विनियोजन ऐन, प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, लागायतका आर्थिक व्यवस्थापनसँग सम्वन्धित प्रचलित कानूनको पालन गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ ।

६२. वित्तीय व्यवस्था अन्तर्गतको बाहेक आर्थिक वर्षको अन्त्यमा असार २५ गतेभन्दा पछाडि पूर्व आन्तरिक लेखा परीक्षण नगरी कुने पनि खर्च रकम भुक्तानी दिन पाईने छैन ।

६३. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आईपरेका समस्या र कारणहरु उल्लेख गरी समयमै यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नु हुनेछ।

६४. चालु तथा पूँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा प्रभावकारी र मितव्ययितापूर्वक गर्नु गराउनु हुनेछ। सञ्चालन खर्च शीर्षकमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नु हुनेछ।

६५. प्रदेश मन्त्रालय, निकाय र सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिकिकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६६. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, दाता, स्रोत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित परिमाण वा उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६७. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि प्रचलित कानून अनुरूप लेखा अभिलेख राख्ने व्यवस्था गर्नु हुनका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु हुनेछ।

६८. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (प्यान) लिनु पर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई रू. १,०००/- भन्दा बढी भुक्तानी गर्दा अनिबार्य रुपमा प्यान नं. उल्लेख गरी भुक्तानी गर्ने र यस्तो प्यान नं. को जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालय/ करदाता सेवा कार्यालय



सचिव

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः-
चलानी नं.:-
मितिः

र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने, भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ। तर कार्यक्रम सञ्चालन गर्नको लागि लिइने पेश्की रकम भुक्तानीमा भने स्थायी लेखा नं. (प्यान) आवश्यक पर्ने छैन। तहाँ मन्त्रालय तथा मातहतका कार्यालयहरूले प्रथम चौमासिक भित्र अनिवार्य रूपमा प्यान नं लिने व्यवस्था मिलाउनु हुनेछ ।

६९. प्रचलित आयकर ऐनको व्यवस्था अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गरी समयमा नै कर दाखिलाको व्यवस्था मिलाउनुका साथै E-TDS समेत गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु हुनेछ।

७०. आ.व. २०७७/०७८ को अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत तहाँ मन्त्रालय/निकायलाई प्राप्त सङ्घीय सशर्त, समपूरक अनुदान र विशेष अनुदानबाट खर्च भएको खर्चको श्रोतगत विवरण २०७८ श्रावण १० गते भित्र यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

७१. आर्थिक वर्ष २०७९/०८० को बजेटमा समावेश गर्नुपर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटबाटै आयोजनाहरूको पहिचान, छनौट, मूल्यांकन तथा लाभ लागत, विश्लेषण समेतका आधारमा आयोजना ढाँचा ,तयार गरी २०७८ फागुन मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा बुझाउनुपर्ने छ ।

*आ.व. २०७८/०७९ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको **Website : moeap.bagamati.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिने छ।*

..............................
(डिल्लीराज घिमिरे)
सचिव

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश ।

संलग्नः

क) आ.व. २०७८/०७९ को बजेट वक्तव्य - १ थान
ख) आ.व. २०७८/०७९ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ थान
ग) आ.व. २०७८/०७९ को अन्तरसरकारी वित्त हस्तान्तरण(स्थानीय तह) - १ थान

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।

फोन : ०५७-५२७५२०, E-mail:moeap@bagamati.gov.np, URL: moeap.bagamati.gov.np